फोन नं:०८१-५९०४०७ (का.प्र.), ०८१-५९०२६०
Email: hgao.nepalgunj@ag.gov.np,Web: www.ag.gov.np
टेगाना: जिल्ला बाँके, नेपालगञ्ज उपमहानगरपालिका, वडा नं ९, रामलिला रोड

# उच्च सरकारी वकील कार्यालय
## नेपालगञ्ज
(प्रशासन शाखा)

पत्र संख्या:२०८१/०८२
चलानी नं. ४०२

मिति:२०८१।०६।०२

विषय: सेवा शर्त कानूनको लागि सुझाव पठाएको सम्बन्धमा ।

श्री महान्यायाधिवक्ताको कार्यालय,
रामशाहपथ, काठमाडौं ।

उपर्युक्त सम्बन्धमा तहाँ कार्यालयको च. नं. १०६३, मिति २०८१।५।२६ को पत्र अनुसार **सेवा शर्त कानूनको लागि सुझाव पठाउने सम्बन्धमा** जानकारी प्राप्त भएकोमा यस कार्यालयका कर्मचारीहरु बीच मिति २०८१।५।२८ गते वैठक बसी छलफल गरी **सरकारी वकील तथा महान्यायाधिवक्ताको कार्यालय मातहत रहने अन्य कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा अन्य सेवा शर्तसम्बन्धी ऐनको** खाका तयारीका लागि यस कार्यालयका कर्मचारीहरुको सुझावको सहितको निर्णयको प्रतिलिपी यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि सादर अनुरोध छ ।

२०८१।०६।०२

(अशोकराज रेग्मी)
सहन्यायाधिवक्ता

## बैठक नं २१

आज मिति २०८१।०५।२८ गते शुक्रबारका दिन उच्च सरकारी वकील कार्यालय, नेपालगञ्जका सहन्यायाधिवक्ता श्री अशोकराज रेग्मीको अध्यक्षतामा देहायका कर्मचारीहरुको उपस्थितिमा महान्यायाधिवक्ताको कार्यालयको चलानी नं. १०६३, मिति २०८१।५।२६ को प्राप्त पत्र बमोजिमका विषयमा कार्यालयको कर्मचारीहरुको बैठक बसी छलफल गरी देहायका सुझाव प्रस्तुत गरिएको छ ।

उपस्थिति

१. सहन्यायाधिवक्ता श्री अशोकराज रेग्मी
२. उपन्यायाधिवक्ता श्री देवराज भारती
३. उपन्यायाधिवक्ता श्री नगेन्द्र लम्साल
४. सहायक न्यायाधिवक्ता श्री डिल्लीराज ज्ञवाली
५. सहायक न्यांयाधिवक्ता श्री सृजना आचार्य
६. लेखापाल श्री संगम ठाडा मगर
७. नायब सुब्बा श्री झुपलाल पुन
८. नायब सुब्बा श्री रमा अर्याल
९. नायब सुब्बा श्री पुर्ण बहादुर कटुवाल
१०. नायब सुब्बा श्री सुवास सुनार
११. नायब सुब्बा श्री शोभाकर राना
१२. कम्प्यूटर अपरेटर श्री टिकाराम थारु
१३. खरिदार श्री अरुण कुमार यादव
१४. खरिदार श्री आकाश ओझा
१५. सहायक कम्प्यूटर अपरेटर श्री सुष्मा यरी
१६. हलुका सवारी चालक श्री दल बहादुर खत्री
१७. का.स. श्री ईतवारी काँदु
१८. का.स. धनिराम खटिक
१९. का.स. श्री नरेन्द्र प्रकाश चौधरी
२०. का.स. श्री बुधराम बर्मा
२१. का.स. श्री सरोज चौधरी

सरकारी वकील तथा महान्यायाधिवक्ताको कार्यालय मातहत रहने अन्य कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा अन्य सेवा शर्त कानूनको सुझाव सम्बन्धमा ।

<u>सुझावहरु</u>

१. लोकसेवा आयोगबाट अधिकृतको रुपमा नियुक्ति सिफारिस भएपछि स्वतः सरकारी वकीलको रुपमा पदस्थापन हुने वा केहि निश्चित समयपश्चात सरकारी वकीलको रुपमा पदस्थापन गर्न उपर्युक्त हुने भन्ने सम्बन्धमाः

- तोकिएको योग्यता पुगेको नेपाल बार काउन्सिलबाट अधिवक्ताको प्रमाणपत्र प्राप्त व्यक्ति मात्र लोकसेवा आयोगबाट लिइने अधिकृतस्तरको सरकारी वकील पदमा प्रतिस्पर्धामा सहभागि हुने व्यवस्था हुनुपर्ने । लोकसेवा आयोगबाट अधिकृतको रुपमा नियुक्ति सिफारिस भएपछि स्वतः सरकारी वकीलको रुपमा पदस्थापना हुँदा सरकारी वकीलको काम कर्तव्य भूमिका एवं जिम्मेवारी लगायतका सम्पूर्ण विषयमा जानकारी नहुने हुँदा केही निश्चित समयपश्चात सरकारी वकीलको रुपमा पदस्थापना गर्न उपयुक्त हुने देखिन्छ। सरकारी वकीलको रुपमा पदस्थापना गर्नु पूर्व प्रशिक्षार्थी सरकारी वकीलको रुपमा रहने गरी कम्तिमा ३ महिनासम्म मान्यता प्राप्त प्रशिक्षण संस्थाबाट सैद्धान्तिक एवं व्यवहारिक तालिम प्रदान गर्ने तथा तालिमको आधा अवधीडेढ महिनासम्म प्रशिक्षार्थी सरकारी वकीलको रुपमा बढि कामको चाप हुने जिल्ला सरकारी वकील कार्यालयहरु र उच्च सरकारी वकील कार्यालयहरुमा अनुभवी सरकारी वकीलको मातहतमा खटाई व्यवहारिक प्रशिक्षण प्रदान गरी सरकारी वकीलको रुपमा पदस्थापन गर्न उपर्युक्त हुने ।
- बढुवाबाट सरकारी वकील हुने व्यक्तिहरुका लागि समेत सरकारी वकीलको रुपमा काम गर्नका लागि नेपाल बार काउन्सिलबाट अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेको व्यवस्था अनिवार्य गर्नुपर्ने । अधिवक्ताको प्रमाणपत्र प्राप्त नगरेको अवस्थामा प्रशासनिक काम गर्ने गरी अधिकृतस्तरको कर्मचारीको रुपमा काम गर्ने व्यवस्था हुनुपर्ने । बढुवाबाट सरकारी वकील हुने अधिकृतहरुका लागि समेत कम्तिमा ३ महिनासम्म मान्यता प्राप्त प्रशिक्षण संस्थाबाट सैद्धान्तिक एवं व्यवहारिक तालिम प्रदान गर्ने तथा तालिमको आधा अवधी डेढ महिनासम्म प्रशिक्षार्थी सरकारी वकीलको रुपमा बढि कामको चाप हुने जिल्ला सरकारी वकील कार्यालयहरु र उच्च सरकारी वकील

कार्यालयहरुमा अनुभवी सरकारी वकीलको मातहतमा खटाई व्यवहारिक प्रशिक्षण प्रदान गरी सरकारी वकीलको रुपमा पदस्थापन गर्न उपर्युक्त हुने ।

**२. नेपालको संविधानको धारा १६१ बमोजिम नियुक्त हुने व्यवस्था गर्ने कि लोकसेवा आयोगबाट भएको नियुक्तिको सिफारिस पछिको पदस्थापनालाई नै निरन्तरता दिने सम्बन्धमाः**

- नेपालको संविधानको धारा १६१ मा सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्था छुट्टै संघीय ऐन बमोजिम हुनेछ भनी उल्लेख भएको भए पनि लोकसेवा आयोगबाट भएको नियुक्तिको सिफारिस पछिको पदस्थापनालाई नै निरन्तरता दिने ।
- नेपालको संविधानको धारा १६१ बमोजिम तयार गरिने कानूनमा सरकारी वकीलको योग्यता, काम गर्ने उमेर, सरकारी वकील र कर्मचारीको बढुवा सम्बन्धी व्यवस्था, पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्थाहरु समावेश गर्दा उपर्युक्त हुने ।

**३. न्याय सेवालाई निरन्तरता दिने कि सरकारी वकील सेवा छुट्टाउन उपर्युक्त हुने भन्ने सम्बन्धमाः**

- न्याय सेवामै रहने गरी सरकारी वकील समूह छुट्टै हुने व्यवस्था हुनुपर्ने । सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी छुट्टै ऐन तर्जुमा गरी काम, कर्तव्य, अधिकार, जिम्मेवारी र सेवा सुविधाहरु ऐनमा नै व्यवस्थागरी पृथकता कायम गर्नु उपयुक्त हुने ।

**४. सरकारी वकीलको सुविधा र निजामती सेवाअन्तर्गतको सुविधामा सामान्ज्यस्यता गराउन के के गर्नुपर्छ भन्ने सम्बन्धमाः**

- कर्मचारीको भर्ना, नियुक्ति, पदस्थापन प्रकिया योग्यताका आधारमा समान तवरले हुनुपर्ने,
- समान पद, तह वा श्रेणीका कर्मचारीहरुको तलवमानमा एकरुपता कायम हुनुपर्ने,
- सरुवा, बढुवा प्रणाली अनुमानयोग्य हुनुपर्ने,
- कर्मचारीहरुले पाउने विदाहरुमा समेत समानता कायम हुनुपर्ने,
- कर्मचारीहको वृत्ति विकास गर्न एवं कार्यसम्पादनलाई प्रभावकारी बनाउन समय समयमा उत्प्रेरणामुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- नेपालको संविधानको धारा १६१ बमोजिम कामको चाप र प्रकृति अनुसार कार्यसम्पादनमा आधारित तलबमान र सुविधाहरु निर्धारण गर्नुपर्ने ।

**५. सरकारी वकीलको सेवा अवधी, पारिश्रमिक, सुविधा र अन्य सेवा शर्त सम्बन्धी व्यवस्था के कस्तो गर्न उपर्युक्त हुने भन्ने सम्बन्धमाः**

- सरकारी वकीलको सेवा अवधीको उमेर हद ६३ वर्ष हुनुपर्ने ।

- एउटै पदमा १० वर्ष सरकारी वकीलको रुपमा काम गरेको अवस्थामा स्वतः माथिल्लो सरकारी वकीलको पदमा बढुवाको व्यवस्था हुनुपर्ने।
- नायव महान्यायाधिवक्ताको सेवा अवधी ५ वर्ष हुनुपर्ने । सर्वोच्च अदालतको न्यायाधीश सरह वा उच्च अदालतको मुख्य न्यायाधीश सरह सेवा, सुविधा र पारिश्रमिक हुनुपर्ने ।
- सहन्यायाधिवक्तालाई उच्च अदालतको न्यायाधीश सरहसेवा, सुविधा र पारिश्रमिक हुनुपर्ने।
- जिल्ला न्यायाधीश नियुक्त हुने योग्यता पुगेका सरकारी वकीललाई जिल्ला न्यायाधीश सरहको सेवा, सुविधा, पारिश्रमिक र अध्ययनको वातावरण बनाएमा प्रभावकारी भई अनुभवी सरकारी वकीललाई संस्थामै उत्प्रेरणामूलक वातावरणमा काम गर्ने वातावरण हुने।
- सरकारी वकीलको रुपमा माथिल्लो पदमा परिक्षामा समावेश हुन र जुनसुकै सरकारी वकीलको पदमा बढुवा हुन हाल कार्यरत पदको सेवा अवधीमा कम्तिमा पनि तीन वटा प्रदेशको कार्यालयमा एक/एक वर्ष पहाड/हिमाल र तराईका कार्यालयहरुमा काम गरेको अनुभव अनिवार्य हुनुपर्ने ।
- अन्य सरकारी वकीलहरुलाई पनि कामको चाप र प्रकृति अनुसार कम्तिमा तलवमानको ७५ प्रतिशत नघट्ने गरी पारिश्रमिक, अध्ययन सामाग्रीको व्यवस्था, तालिम, ईन्टरनेट सुविधा, सवारी चालक अनुमति पत्र भएका सरकारी वकीललाई मोटरसाइकल वा स्कुटर सवारी साधन सहित निश्चितमानमा ईन्धन(पेट्रोल/डिजेल) को व्यवस्था गरिनुपर्ने र आवासको व्यवस्था हुनुपर्ने । आवासको व्यवस्था नभएमा तोकिए अनुसार आवास खर्चको व्यवस्था हुनुपर्ने ।
- सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीललाई सुरक्षा निकाय र वन कर्मचारीजस्तै पुरै समय कार्यालयको काममा सरकारी वकीलको रुपमा क्रियाशील हुनुपर्ने भएकाले सरकारी वकीललाई राशनको व्यवस्था हुनुपर्ने ।
- नेपाल सरकारले निर्धारण गरेको मर्यादाक्रममा सरकारी वकीलको काम र जिम्मेवारी अनुसार सरकारी वकीलको पहिचान वृद्धि हुने गरी उचित मर्यादाक्रम निर्धारण गर्नुपर्ने ।
- जिल्ला सरकारी वकील कार्यालयको प्रमुख जिल्ला न्यायाधिवक्ता/सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालयको प्रमुख सहन्यायाधिवक्ता र नायव महान्यायाधिवक्तालाई व्यक्तिगत सुरक्षाको लागि सुरक्षाकर्मीको व्यवस्था गर्नुपर्ने ।

- मुख्य गरी शुरु चरणमा तराईका जिल्लाका, मुद्दाको चाप बढी भएका र काठमाडौं उपत्यकाका जिल्ला, उच्च र विशेष सरकारी वकील कार्यालयहरुमा कार्यालयको सुरक्षाका लागि सुरक्षाकर्मीको व्यवस्था गर्नुपर्ने ।
- सरकारी वकील र निजका सन्ततीलाई शैक्षिक क्रियाकलापमा प्रोत्साहन र स्वास्थ्य उपचारमा सहुलियतको व्यवस्था हुनुपर्ने ।
- सरकारी वकीललाई एउटा सम्म निजी आवास निर्माण र खरिदका लागि सहुलियत ऋणको व्यवस्था हुनुपर्ने ।
- सरकारी वकीललाई कामको प्रकृति अनुसार वर्षमा कम्तिमा दुई वटा तालिमको व्यवस्था हुनुपर्ने ।

**६. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका अन्य कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवा शर्त कसरी व्यवस्थापन गर्न उपर्युक्त हुने भन्ने सम्बन्धमाः**

- कर्मचारीको सेवा अवधीको उमेर ६० वर्ष हुनुपर्ने।
- एउटै पदमा १० वर्ष काम गरेको अवस्थामा स्वचालित रुपमा माथिल्लो पदमाब ढुवाको व्यवस्था हुनुपर्ने।
- तोकिएको ऐन अनुसार अनुमान योग्य सरुवाको व्यवस्था हुनुपर्ने ।
- कार्यालयको कामको चाप र प्रकृति अनुसार प्रोत्साहन भत्ता तलवमानको कम्तिमा ५० प्रतिशत पारिश्रमिक, अध्ययन सामाग्रीको व्यवस्था, तालिम, ईन्टरनेट सुविधा, सवारी चालक अनुमति पत्र भएका कर्मचारीलाई दुई पाँग्रे सवारी साधनको व्यवस्था सहित निश्चित मानमा ईन्धन(पेट्रोल/डिजेल) व्यवस्था वा सवारीसाधन हुने कर्मचारीलाई यातायात खर्चका लागि निश्चित मानमा ईन्धन(पेट्रोल/डिजेल) व्यवस्था गरिनुपर्ने र आवासको अनिवार्य व्यवस्था हुनुपर्ने। आवासको व्यवस्था नभएमा तोकिए अनुसार आवास खर्चको व्यवस्था हुनुपर्ने ।
- सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीलाई सुरक्षा निकाय र वन कर्मचारी जस्तै पुरै समय सरकारी वकीललाई काममा सघाउन र सरकारी वकील कार्यालयको काममा क्रियाशील हुनुपर्ने भएकाले कर्मचारीलाई राशनको व्यवस्था हुनुपर्ने ।
- सरकारी वकील समूहमा नियुक्त हुने कर्मचारीहरुलाई सेवा प्रवेश तालिम कम्तिमा एक महिनाको व्यवस्था गरी प्रशिक्षार्थी कर्मचारीको रुपमा जिल्ला सरकारी वकील कार्यालयहरु, उच्च सरकारी वकील कार्यालयहरु र विशेष सरकारी बकील कार्यालयमा तालिमको आधा अवधी व्यवहारिक ज्ञान र प्रशिक्षण प्रदान गर्ने व्यवस्था गर्नुपर्ने ।

- कर्मचारी र निजका सन्ततीलाई शैक्षिक क्रियाकलापमा प्रोत्साहन र स्वास्थ्य उपचारमा सहुलियतको व्यवस्था हुनुपर्ने ।
- कर्मचारीलाई एउटा सम्म निजी आवास निर्माण र खरिदका लागि सहुलियत ऋणको व्यवस्था हुनुपर्ने ।
- सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीलाई कामको प्रकृति अनुसार वर्षमा कम्तिमा एउटा तालिमको व्यवस्था हुनुपर्ने ।

**सवाल नं. ७: संविधानको धारा १६१ बमोजिम तर्जुमा गर्ने कानूनमा अन्य के कस्ता व्यवस्था संलग्न गर्न उपर्युक्त हुन्छ भन्ने सम्बन्धमा :**

- सरकारी वकीलको विशिष्टकृत काम कारबाहीका व्यवस्था समेटनु पर्ने ।
- सेवा शर्त, पारिश्रमिक, सुविधा, योग्यता, बढुवा र वहाल रहने उमेरका विषयहरु समेटनु पर्ने ।
- सरकारी वकील कार्यालयबाट अपराधको प्रवृत्ति सम्बन्धी अध्ययनका विषयहरु समेटनु पर्ने ।
- नेपाल सरकारवादी हुने मुद्दा र नेपाल सरकारको हक हित सरोकारको विषय, सरकारी र सार्वजनिक सम्पत्तिको प्रतिरक्षाका सम्बन्धमा अन्य सरकारी निकायहरु र ती निकायका प्रमुखले सरकारी वकील कार्यालय र सरकारी वकीलसँग गर्नुपर्ने समन्वयका विषयहरु समेटनु पर्ने ।
- नेपाल सरकारवादी हुने मुद्दा र नेपाल सरकारको हक हित सरोकारको विषय, सरकारी र सार्वजनिक सम्पत्तिको प्रतिरक्षाका सम्बन्धमा अन्य सरकारी निकायहरु र ती निकायका प्रमुखले सरकारी वकील कार्यालय र सरकारी वकीलसँग गर्नुपर्ने समन्वय नगरेमा सम्बन्धित निकायमा कारबाहीका लागि लेखी पठाउन सक्ने विषयहरु समेटनु पर्ने ।
- गलत नियतले गरिएका, सरकारी र सार्वजनिक सम्पत्तिलाई हानी पुर्याउन र कुनै पक्षलाई फाईदा पुर्याउनका लागि सरकारी निकायबाट गरिएका निर्णयहरु सरकारी वकीलले प्रतिरक्षा गर्न नसक्ने विषयहरु समावेश गर्नु पर्ने ।
- संविधानमा छुट्टै व्यवस्था भएको भ्रष्टाचार सम्बन्धी अनुसन्धान र अभियोजन गर्ने विषय बाहेक अन्य केही ऐनको व्यवस्था अनुसार सरकारी वकीलले हाल मुद्दाको निर्णय गरी अनुसन्धान गर्ने निकायले अभियोजन गरिरहेकोमा ती व्यवस्था हटाउँदै संविधानमा व्यवस्था गरेको बाहेक सम्पूर्ण सरकारवादी फौजदारी मुद्दाको अभियोजन सरकारी वकीलले गर्ने व्यवस्था हुनु पर्ने ।

- अनुसन्धानको विषयमा अनुसन्धान गर्ने निकायहरु र अनुसन्धान अधिकारीहरु सरकारी वकीलको मातहतमा हुनुपर्ने व्यवस्था गर्नुपर्ने ।
- अनुसन्धान गर्ने निकायको हिरासत, निगरानी कक्ष, कारागार र बालसुधार गृहको सरकारी वकीलले निरीक्षण र अनुगमन गर्ने विषय समेटनु पर्ने ।
- अनुसन्धान गर्ने निकायहरुले अनुसन्धानको काम कारवाही सम्बन्धमा सरकारी वकील कार्यालयहरुको सम्बन्धित सरकारी वकीलबाट कम्तिमा वर्षमा एक पटक अनुगमन गर्ने व्यवस्था गरी अनुगमनका क्रममा दिइएका निर्देशनहरु पालना गर्नुपर्ने।